# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७८/७९

## बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# बलेफी गाउँपालिका

## को

# आगामी आ.व. ०७८/७९ को नीति, कार्यक्रम तथा बजेट

## बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बलेफी, सिन्धुपाल्चोक

२०७८ असार ०९ गते

# बलेफी गाउँपालिका
## को
## आगामी आ.व. ०७८/७९ को नीति, कार्यक्रम तथा बजेट

## नवौं गाउँ सभा
२०७८ असार ०९ गते

गाउँ सभाका अध्यक्ष ज्यू,
गाउँ सभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, उपस्थित पत्रकार ज्यूहरु र सुरक्षाकर्मी साथीहरु ।

विश्वभरी फैलिएको कोरोना भाइरस (कोभीड-१९) का कारण उत्पन्न असहज परिस्थिति, मनसुन शुरु सँगै देशको विभिन्न बस्तीमा आएको विपत्ति, विशेषगरी हाम्रो जिल्लाको मेलम्ची नगरपालिकामा भएको धनजनको क्षतिबाट सिर्जत विपद्को सामना गरिरहेको विषम परिस्थिति र लामो समयसम्मको बन्दाबन्दीले आम नागरिकको दैनिक जीवनयापनलाई समेत कठिन बनाइरहेको परिप्रेक्ष्यमा यस बलेफी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो गरिमामय सभामा आगामी आ.व. २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

यस अवसरमा समाज परिवर्तनका सम्बाहक, लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि त्याग र बलिदान गर्ने सम्पूर्ण घाइते योद्धा, बेपत्ता नागरिक, सबै प्रकारका जनसंघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्‍याउनु भएको महान योगदानलाई उच्च सम्मान व्यक्त गर्दछु ।

अहिले विश्व नै कोरोना भाइरस (कोभिड-१९) को महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थामा आज यस गाउँ सभामा सम्बोधन गर्दैछु । कोभीड-१९ को कारण मानव जातीमाथी शताब्दीकै सबैभन्दा ठुलो सङ्कट सृजना भएको छ । यो महामारीबाट हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेन । कोभीड-१९ महामारी रोकथामको लागि यस गाउँपालिकाभित्र जोखिमपूर्ण परिस्थितिमा पनि अग्रपंक्तीमा रहेर खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधी, कर्मचारी, एम्बुलेन्स चालकलगायत गाउँपालिकालाई नगद तथा स्वास्थ्य सामग्रीहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण समाजसेवी व्यक्ति तथा संघसंस्थाहरुप्रति हार्दिक धन्यबाद प्रकट गर्दछु ।

स्थानीय सरकार सञ्चालनको ४ वर्षको अबधीमा संघीयताको महत्वपूर्ण आधारका रुपमा स्थानीय सरकार र नागरिकको विच रचनात्मक सम्बन्ध स्थापति गर्दै गाउँपालिकाले २० वर्षे गुरुयोजना तयार गरी विकास र सुशासनको स्पष्ट मार्गचित्र तयार गरी स्थानीय सरकार सञ्चालन गर्न आवश्यक कानून निर्माण गर्ने, आवधिक योजना निर्माण गर्ने, जनशक्तिको व्यवस्था गर्ने वडा कार्यालयहरुबाट प्रबाह गरिने सेवामा ध्यान केन्दीत गरिएको छ । यहाँहरु सबैजनाको साथ र सहयोगमा भरोसा गर्न योग्य सरकारको रुपमा बलेफी गाउँपालिका स्थापना भएको मेरो ठम्याई रहेको छ ।

अध्यक्ष महोदय,
अव म चालु आ.व.०७७/७८ मा बलेफी गाउँपालिकाले सम्पादन गरेका मूख्य-मूख्य गतिविधीहरुको बारेमा छोटो रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. भौतिक पूर्वाधार तर्फः

क. सडक

चालु आ.व. ०७७/७८ मा गाउँपालिकाभित्रको मूख्य ७ वटा सडकहरुमध्ये कोठे-विन्जेल सडकको १८०० मीटर, अँधेरी-माङ्खा सडकको २०० मीटर, खाडीचौर-चिम्लिङ सडकको २५०० मीटर सडक कालोपत्रे तथा ढलान र टुनीबोटे- मेलडाँडा सडक ढलान गरी स्तरोन्नती कार्य सम्पन्न गरिएको छ । त्यसैगरी जलविरे-वनकाली हगाम सडक, लामोसाँघु-टोप्का सडक र फूपिङकोट धुस्कोट सडकको निर्माण कार्य द्रुतगतिमा भैरहेको छ । समग्रमा १२ कि.मी. सडक स्तरोन्नती, ५ कि.मी. सडक नयाँ ट्र्याक निर्माण र २ कि.मी. सडकको चौडा गर्ने काम सम्पन्न गरिएको छ ।

ख. खानेपानी तर्फः

"एक घर एक धारा" को अवधारणा अनुरुप बलेफी गाउँपालिका वडा नं. १ अन्तर्गत चिलाउने बिसमुरे पेप्टा खानेपानी योजनाको भौतिक प्रगति ७८ प्रतिशत र आर्थिक प्रतिशत ४८ प्रतिशत रहेको छ । खाडीचौर खानेपानी योजनाको १०० घनमिटर क्षमताको RVT निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरि डाँडाकटेरी खानेपानी योजनाको भौतिक प्रगति १०० प्रतिशत र आर्थिक प्रगति ५१ प्रतिशत रहेको छ ।

ग. भवन तर्फः

वडा नं. ६ र वडा नं. ५ को वडा कार्यालय भवनको निर्माण कार्य लगभग सम्पन्न भइसेको अवस्था छ । गाउँपालिकाको प्रशासकीय भवनको ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भैसकेको छ । त्यसैगरी बलेफी-६, माङ्खाको आधारभुत स्वास्थ्य केन्द्र र वडा नं. ८, बसेरीको आधारभुत स्वास्थ्य केन्द्रको भवनको गत आ.व.मा शुरु गरिएको बाँकी निर्माण कार्य समेत सम्पन्न भइसकेको छ । त्यसैगरी बलेफी-५, ज्यामीरेमा ५ शैयाको बर्थीङ सेन्टरको भवन निर्माण कार्यको ठेक्का सम्झौता भएको छ ।

घ. सिचाई तर्फः

बलेफी-४ र ५ मा पर्ने सुंगुरे पुछर माझगाउँ सिंचाई योजनाको निर्माण कार्य सम्पन्न भएको छ । ओखलेखोला डुम्रेचौर डिही सिंचाई योजनाको RCC नाली निर्माण कार्य सम्पन्न भएको छ पाइप खरिद र अन्य फुटकर कार्य बाँकी रहेको छ । भने ७० प्रतिशत आर्थिक प्रगति भएको छ ।

२. शिक्षा तर्फः

यस गाउँपालिकाको चालु आ.व.मा शिक्षा क्षेत्रमा मूख्य-मूख्य देहाय अनुसारको कार्यक्रमहरु सम्पन्न भएको छः

१. कक्षा १ देखि कक्षा ३ सम्म स्वअध्ययन सामग्री प्रत्येक विद्यालयलाई वितरण गरिएको छ ।

२. नेट सञ्चालनको लागि मा.वि. विद्यालयहरुलाई प्रति विद्यालय रु. १२,०००/- को दरले उपलब्ध गराई कोभीड-१९ को महामारी विचमा पनि मा.वि. विद्यालयहरुले online कक्षा सञ्चालन गरी पठपाठन कार्यलाई सुचारु गरिएको छ ।

३. संघीय सरकारबाट बाल विकास कक्षादेखि ५ कक्षा सम्मको लागि दिवा खाजामा शसर्त अनुदानको व्यवस्था गरेतापनि गाउँपालिकाबाट ६ कक्षादेखि १० कक्षासम्मको बालबालिकाहरुलाई दिवा खाजााको व्यवस्था गरिएको छ ।

४. शैक्षिक सामग्री निर्माणको लागि ECD कक्षा देखि ५ सम्मको लागि प्रति विद्यार्थी रु. ५००/-, कक्षा ६ देखि १० सम्मको लागि रु. २००/- र कक्षा ११ देखि १२ सम्मका लागि रु. २५०/- दरले उपलब्ध गराइएको छ ।

५. वार्षिक रुपमा कार्यक्रमसहितको शैक्षिक भित्ते पात्रो प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

६. एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत २ बालशिक्षा मा.वि. र फूल्पिङकोट मा.वि.मा १/१ जना स्टाफ नर्स परिचालन गरिएको छ ।

७. आनन्द मा.वि. र करङगैरा आ.वि.मा २ वटा आधुनिक एवम् पक्की शौचालय निर्माण गरिएको छ ।

८. CUG (Corporate User Group) मा आवद्ध हुनका लागि कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुलाई अनुदान उपलब्ध गराइएको छ ।

९. प्रारम्भिक कक्षा पढाई कार्यक्रम ९भ्न्च्ए० अन्तर्गत नेपाली विषयको कक्षा १ देखि ३ सम्म अध्यापन गर्ने शिक्षाहरुलाई तालिम प्रदान गरियो ।

१०. कक्षा १ देखि ३ सम्म एकिकृत पाठ्यक्रम प्रबर्धनको २ दिने तालिम सञ्चालन गरियो ।

११. धुलिखेल शैक्षिक तालिम केन्द्रमा १० जना शिक्षकशरुलाई १० दिने शिक्षक क्ष्मता तालिममा सहभागी गराइयो ।

१२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कम्प्युटर ल्याप , शिक्षामा नविन प्रविधिको प्रयोग कार्यक्रमको लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराईयो ।

१३. गाउँपालिकाबाट विद्यालयहरुको लागि विनियोजित अनुदान रकम बेलैमा भुक्तानी गरिएको छ ।

१४. बालविकास केन्द्र सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई खाईपाई आएको मासिक तलबमा प्रतिमहिना रु. ४०००/- थप उपलब्ध गराइएको छ ।

१५. सेतीदेवी मा.वि. गहतेलाई १ जना स्थायी स्वीकृत दरबन्दी उपलब्ध गराइएको छ ।

स्वास्थ्य तर्फः

१. यस चालु आ.व. मा मूख्य गरी कोरोना महामारी नियन्त्रण, रोकथाम तथा उपचारमा सम्पूर्ण स्रोत साधन र जनशक्ति परिचालन गरियो । जसमा तथ्यांकगत हिसाबले देहाय अनुसार प्रगति हासिल भएको छ ।

| PCR/एन्टिजेन परीक्षण | | | हालसम्मको Positive case | | | आइसोलेसनमा उपचार गरिएको | | | उपचारपछि घर फर्केका | | | सक्रिय संक्रमीत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ९६६ | ६३ | १९४९ | ३१५ | २९२ | ६०७ | २२ | २१ | ४३ | १७ | १४ | ३१ | ५ | ७ | १२ |

२. गाउँपालिकाभित्रको स्वास्थ्य संस्थाहरुको सेवा प्रबाहमा गुणस्तरीयता कायम गरी बर्थीङ सेन्टरलाई आवश्यक श्रोत साधन उपलब्ध गराई स्तरोन्नती गरिएको छ ।

३. सबै स्वास्थ्य संस्थाहरु दक्ष स्वास्थ्यकर्मीहरु सहित गर्भवती महिलाहरुको Ultra sound मार्फत स्वास्थ्य परिक्षण गरिने काम शुरु गरिएको छ ।

स्भाका सदस्य ज्यूहरु,

आर्थिक वर्ष ०७८/७९ को वार्षिक बजेट, नीति कार्यक्रम तर्जुमा गर्दा दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य तथा प्राथमिकताका क्षेत्रहरुको अतिरिक्त दीगो विकासको लक्ष्य र गाउँपालिकाको गुरुयोजना समेतलाई आधार मानिएको छ । साथै बागमती प्रदेश सरकारले अवलम्बन गरेको नीतिलाई आत्मसात् गर्दै गाउँपालिकाबासीहरुबाट संकलित सुझाव र सल्लाहलाई समेत समावेश गरी यो नीति कार्यक्रम बनाइएको छ । गाउँपालिकाबासीको आर्थिक र सामाजिक जीवनलाई उकास्ने नीतिलाई प्राथमिकतामा राखिएको छ । बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश सरकारको बजेट तथा कार्यक्रम, पन्ध्रौं योजना दिग्दर्शन, २०७४, विद्यमान नियमावली, कार्यविधि, निर्देशिका, परिपत्र र गाउँसभाका सदस्यहरुले दिनु भएको सुझावहरु, स्थानीय जनताहरुको आवश्यकता र मागलाई मार्गदर्शनको रुपमा लिएको छु ।

सभाका सदस्य ज्यूहरु,

अब म हाम्रो बलेफी गाउँपालिकाले आगामी आ.व. ०७८/०७९ मा सञ्चालन गरिने प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

## १) स्वास्थ्य तर्फः

विश्वव्यापी रुपमा फैलिएको र भविष्यमा समेत फैलिनसक्ने नयाँ भेरीयन्टसहितको कोभीड-१९ महामारी संक्रमण रोकथाम तथा न्युनीकरण गरी जनताको जिउधनको सुरक्षालाई पहिलो प्राथमिकतामा राखी स्वास्थ्य क्षेत्रमा निम्नानुसारको कार्यक्रमहरु सञ्चालन गरिने नीति अपनाइनेछ ।

१. कोरोना संक्रमण रोकथाम, नियत्रन्ण र उपचारकोसाथै मनसुनजन्य प्राकृतिक प्रकोपबाट आइपर्ने विपदको लागि खोज उद्धार तथा पुनस्थापना गर्न रु. १ करोडको कोष स्थापना गरिनेछ ।

२. कोभीड पोजेटीभ भई होम आइसोलेनमा बसेका विरामीहरुको स्वास्थ्यमा जटिलता आएको जानकारी पाउने वित्तिकै उपचारको लागि बलेफी र जुगल गाउँपलिकाले सञ्चालन गरेको चनौटे आइसोलेनमा निशुल्क रुपमा लैजानका लागि एम्बुलेन्स सेवालाई तयारी अवस्थामा राखिनेछ ।

३. आइसोलेन सेन्टरमा निशुल्क उपचार गरिने छ र थप उपचारको लागि अन्यत्र लैजानु पर्ने भएमा चिकित्सकले रिफर गरिएको स्वास्थ्य संस्थासम्म विरामी लैजान निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

४. जोखिमपूर्ण परिस्थितिमा आइसोलेन सेन्टर र अन्य स्वास्थ्य संस्थाहरुमा खटिने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, फ्रन्टलाइनमा खटिने कर्मचारीहरुलाई जोखिम भत्ताको व्यवस्था गरिनेछ ।

५. कर्तव्य पालनाको सिलशिलामा कुनै स्वास्थ्यकर्मीलाई कोरोना संक्रमीत भई काठमाण्डौंमा उपचारको लागि लैजान पर्ने भएमा जनही रु. २ लाख रुपैया उपलब्ध गराईनेछ । र कोरोना संक्रमणबाट मृत्यु भएमा परिवारलाई जनही रु. ५ लाख राहत सहयोग उपलब्ध गराईनेछ ।

६. गाउँपालिकाबासीहरुलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्धेश्यले प्रत्येक वडामा स्थापना गरको स्वास्थ्य संस्थाहरुलाई दक्ष जनशक्तिसहित अझ श्रोत साधनयुक्त बनाईनेछ ।

७. संघीय सरकारको नीति अनुरुप जलविरे प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ सैयाको अस्पताल निर्माण गर्ने कार्यलाई आमागी आ.व. को शुररुदेखि नै निर्माण कार्य थालनी गरिनेछ ।

## २. भौतिक पूर्वाधारः

१. गाउँपालिकाभित्र हाल कालोपत्रे शुरु गरिएका सडकहरु र बढी भन्दा बढी जनसंख्या लाभान्वित हुने सडकहरु कालोपत्रे गरी सडक स्तरोन्नती गर्न जोड दिईनेछ ।

२. आगामी आर्थिक वर्षभित्र गाउँपालिका अन्तर्गतका मूख्य मूख्य सडकहरुमा सार्वजनिक बस सेवा सञ्चालन गरीसक्नेछ ।

३. गाउँपालिका क्षेत्रभित्रका भौतिक पुर्वाधारलाई सुरुदेखि नै व्यवस्थित गरेर जान नसकेमा यसले भविष्यमा ठुलो समस्याको सृजना गर्ने भएकोले निर्माण भई सकेका सडक, खानेपानी जस्ता पुर्वाधारको एकिकृत लगत तयार गरि त्यसको नामाकरण, वर्गीकरण, तथा स्तरीकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

४. पुर्वाधार विकासका कार्यक्रममा उपभोक्ता समिति मार्फत गरिदा उपभोक्ताको सहभागिताले वास्तविक आवश्यकताको पहिचान हुने, योजना आयोजनाको लागत कम हुने, पारदर्शिता हुने, गुणस्तरिय काम हुने र निर्माण सम्पन्न पश्चात उपभोक्ताले अपनत्व लिने हुनाले मर्मत सम्भार र पुन संचालन सहज हुने हुदा यस तथ्यलाई मध्यनजर गरि उपभोक्ता समितिहरुलाई आयोजना संचालन सम्वन्धि तालिम कार्यक्रम संचालन गरिनेछ ।

५. जटिल प्रकृतिका यन्त्र उपकारण प्रयोग हुने तथा उपभोक्तालाई प्राविधिक ज्ञान नहुने योजनाहरुमा गाउँपालिकावाट नै प्रतिस्पर्धात्मक बोलपत्र प्रणाली अपनाई योजना संचालन गरिने छ ।

६. साना तथा आकस्मिक रुपमा आईपर्ने योजना संचालनका लागि एकमुष्ट रकम विनियोजन गरि बिशेष कोष खडा गरिने छ ।

७. आगामी वर्षदेखि गाउँपालिका क्षेत्रभित्र रहेका निर्मित सार्वजनिक शौचालयलाई व्यवस्थित वनाई तत्काल संचालनमा ल्याईनेछ । आवश्यक स्थानमा सार्वजनिक शौचालय तथा सडक बत्ती व्यवस्थापन गरिने छ ।

८. आकस्मिक प्रकृतिका योजना बाहेक नियमित योजनाहरु माघमसान्तसम्ममा सम्झौता भई सक्नुपर्ने र बैशाखमसान्त सम्म काम सक्ने गरि कार्य अगाडि बढाउने पद्धति अवलम्बन गरिने छ ।

९. आगामी आ.व.भित्र यस बलेफी गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुको भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

१०. वडा स्तरीय योजनाहरु संचालन गर्दा जनसहभागितालाई जोड दिई योजना कार्यान्वयन गर्ने नीति लिइएको छ । जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमैत्री र अपाङ्गमैत्री आयोजना बनाउने तर्फ सम्बन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति लिईनेछ भने सम्पन्न भएका आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताहरुलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ ।

११. यस गाउँपालिका अन्तर्गत निर्माण हुने पूर्वाधार वातावरणमैत्री र अपाङ्गमैत्री बनाउने नीति लिइनेछ ।

१२. भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

१३. गाउँको समग्र विकासका लागि सार्वजनिक नीजि साझेदारीको सम्भावना रहेको क्षेत्रको पहिचान गरी कार्यान्वयनमा ल्याईनेछ ।

१४. गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत संकलन तथा संरक्षण गरिनेछ ।

१५. गाउँपालिका स्तरीय रिङरोड निर्माण र स्तरोन्नती गरिनेछ ।

१६. गाउँपालिका क्षेत्रभित्र संघ,प्रदेश लगायतका निकाय तथा अन्य संघ,संस्थाबाट सञ्चालित बिकास निर्माणका आयोजना अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गरिनेछ ।

## ३) सामाजिक विकास

१) यस गाउँपालिका क्षेत्रलाई प्लाष्टिकमूक्त क्षेत्र घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

२) गाउँपालिकाका बजार क्षेत्रमा ढल व्यवस्थापनको कार्य गरिनेछ ।

३) गाउँपालिका क्षेत्रभित्र फेला पर्नेबेवारिसे लास समाधी गर्न समाधी स्थलको खोजी गरिनेछ ।

४) गाउँपालिका क्षेत्रभित्रका छाडा कुकुरहरुलाई नियन्त्रणमा लिई व्यवस्थापन गर्न र मरेका पशुपंक्षीहरुलाई व्यवस्थापन गर्नको लागि उपयुक्त स्थलको खोजी गरिनेछ ।

५) बलेफी गाउँपालिकाको फोहर व्यवस्थापन गर्नको लागि स्थायी ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्न जग्गाको खोजी गरिनेछ ।

६) सरोकारवाला निकायहरुसंग समन्वय गरी स्तरीय स्वास्थ्य सेवा विकास गर्न आवश्यक पहल गरिनेछ ।

७) पूर्ण खोप सुनिश्तिता तथा दिगोपनालाई निरन्तरतादिई सम्पूर्ण बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चितता गरिनेछ ।

८) वातावरण संरक्षण तथा गाउँ क्षेत्रलाई हराभरा बनाउन सडक किनारा तथा खाली जमिनमा वृक्षारोपण कार्यलाई प्राथमिकता दिईनेछ । बजार क्षेत्रमा सम्भाव्यता हेरी ग्रिन सिटी स्थापना गरिनेछ ।

९) वातावरण संरक्षणका लागि गाउँपालिकामा रहेका सार्वजनिक खुला स्थानमा पार्क निर्माणगरिनेछ ।

१०) बालमैत्री स्थानीय शासनको प्रारुपमा उल्लेखित गाउँपालिकाको लागि तोकिएका सूचकहरु कार्यान्वयनको लागि स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थासँग समेत सहकार्य गरि वडा समितिहरुलाई परिचालन गरिकार्यान्वयनमा ल्याइनेछ ।

१३) सामुदायिक मेलमिलापकर्तालाई विवाद, झै झैगडा निरुपण गरेबापत प्रति केश रु. १२००/- प्रदान गरिरहेकोमा आगामी आ.व. देखि प्रति मेलमिलापकर्ता रु.४००/- थप गरिनेछ ।

**४) लक्षित वर्ग उत्थान :**

१) गाउँपालिका क्षेत्रभित्र विभिन्न संघसंस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई गाउँपालिकाको दायराभित्र ल्याई परिणाममुखी हुने गरि संचालन गरिनेछ ।

२) योजना तर्जुमा भएको यस बलेफी गाउँपालिकाभित्र रहेका महिला, बालबालिका र पिछडिएको वर्गको सञ्जाल मार्फत माग भई आएका लक्षित कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
विकास गरी उक्त सञ्जालहरुको सहभागिताका आधारमा लक्षित कार्यक्रम तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ ।

३) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहाय, शहीद परिवार, विस्थापित परिवारको उत्थानका लागि नेतृत्व बिकास,सीप बिकास,क्षमता बिकास तथा आय आर्जनजस्ता लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

४) समाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले लक्षित समूहलाइ उपलब्ध गराउने सुविधाको लगत अद्यावधिक गरी सहज रुपमा उपलब्ध गराउन आवस्यक प्रवन्ध गरिने छ ।

५) अनाथ तथा जोखिमयुक्त बालबालिकाहरुका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**५) कृषि तथा पशु विकास:**

१) कृषिमा आधुनिकीकरण गर्दै उत्पादकत्व वृद्धी गरी यस गाउँपालिका क्षेत्रलाई विषादीरहित अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन व्यवसायिक कृषि व्यवसाय तथा पशुपालन गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ । साथै दुग्ध व्यबसायमा आत्मनिर्भर भई अन्यत्र निकासी गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

२) बोयर बोका खरिदमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरी मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाइनेछ ।

३) गाई तथा भैंसी पालन व्यवसायलाई प्रबर्दन गर्न लागत साझेदारीमा विशेष कार्यक्रम ल्याइनेछ ।

४) रासायनिक मल आपुर्ति कार्यलाई सहज बनाइनेछ ।

**६) शिक्षा**

१) गाउँपालिकाभित्रका विद्यार्थीहरुले कुनै विषयमा विद्यावारिधी गर्न चाहेमा रु. ५०,०००/- र बलेफी गाउँपालिकाकै विषयमा विद्यावारिधी गर्न चाहेमा रु. १,००,०००/- अनुदान उपलब्ध गराईनेछ ।

२) बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रीत प्रारम्भिकक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने नीति लिईनेछ ।

३) आधारभुत शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरण सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी प्रतिस्पर्धि एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभुती गर्ने नीति लिईनेछ ।

४) विद्यालय उमेर समुहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शैक्षिक सुनिश्चितताको व्यवस्था मिलाउने नीति लिईनेछ ।

५) प्राविधिक तथा व्यवसायीक शिक्षाको विकास विस्तार र निरन्तरताको साथै र सीप विकासको अवसर प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

६) शिक्षकहरुको क्षमता विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

७) शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न शिक्षालाई सर्वव्यापी जीवनोपयोगी प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउने नीति लिनेछ ।

८) प्रारम्भिक बाल बिकास (Early Child Development) केन्द्रको कक्षामा आधुनिक प्रविधिको प्रयोग गरि श्रव्य दृश्यका माध्यमबाट पठनपाठन गराइनेछ र सो प्रविधिलाई क्रमशः आधारभूत तहमा बिस्तार गर्दै लगिनेछ ।

९) बाल विकास केन्द्रको क्रमशः सुदृढिकरण गर्दै लगिने नीति लिइनेछ ।

१०) गाउँपालिकाभित्रको सामुदायिक विद्यालयहरुमा कक्षा ६-१० सम्म अध्ययनरत सम्पूर्ण छात्रछात्राहरुलाई दिवा खाजा कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

## ७) खेलकुद, साहित्य, सञ्चार, कला र संस्कृति

१) गाउँपालिका क्षेत्रको खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं सुधारका लागि सम्बन्धित निकायसँगको सहकार्यलाई प्रभावकारी ढंगले अगाडि बढाइने छ । खेलकुद कार्यक्रमलाई प्रोत्साहन गर्दै विभिन्न अन्तरपालिका स्तरीय खेलकुद कार्यक्रमलाई संचालन गरिनेछ ।

२) साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन तथा विकासका लागि सम्बन्धित पक्षहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

३) गाउँपालिकाभित्रवाट प्रकाशन हुने पत्र पत्रिका तथा विद्युतीय संचार माध्यमलाई सहयोग गर्ने नीति लिईनेछ ।

४. खेलकुद प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार गर्ने नीति लिईनेछ ।

५. खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित अनुशासितखेलाडी तयार गर्ने नीति अपनाईनेछ ।

## ८) आन्तरिक श्रोत तथा राजश्व व्यवस्थापन

आगामी आ.ब. ०७८/०७९ का लागि निम्न बमोजिमको राजश्व व्यवस्थापन तथा परिचालनका लागि निम्न नीति तर्जुमा गरिएको छ ।

१) आन्तरिक तथा दीगो राजश्व संकलन गर्न प्रदेश सुशासन केन्द्रको सहयोगमा राजश्व सुधार कार्ययोजना निर्माण गरिनेछ ।

२) यस गाउँपालिकालाई आन्तरिक श्रोतमै आत्मनिर्भर गाउँपालिका बनाउन थप राजश्वको श्रोतहरुको खोजी गरिने छ । गाउँपालिकाभित्र रहेका सबै खाले व्यवसायहरुलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानको रुपमा संचालन गरिने छ ।

३) बहाल करलाई प्रभावकारी बनाईने छ । गाउँपालिकालाई नियमित रुपमा उल्लेख्य कर बुझाउने करदातालाई नियमित करदाताको रुपमा सम्मान गरिने कार्यक्रमलाई अगाडि बढाईने छ ।

४) यस गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने गाउँबासीहरुको क्षमता, अन्य गाउँपालिकाहरुको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमको प्रावधान बमोजिम करका दर अद्यावधिक गरिनेछ

५) गाउँपालिकाको दीर्घकालीन रुपमा आयश्रोत,जल बिद्युत ,कृषि,पर्यटन, विकास र निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायमा प्रस्ताव पेश गरिनेछ ।

६) दहत्तर बहत्तर, ऱ्याफ्टिङ, जडिबुटी, स्लेट ढुङ्गा, काठ निकासी कर, कवाडी कर लगायतका आर्थिक ऐनमा उल्लेखित अन्य करहरु संकलन गरिनेछ ।

७) वडा कार्यालयले चालु आ.व.मा संकलन गरेको राजश्वको आधारमा आगामी आ.व. का लागि वडाको कार्यलय सञ्चालन तथा प्रशासनीक खर्च उपलब्ध गराईनेछ ।

## ९) संगठन व्यवस्थापन र सुशासन

१) चालु आ.व. देखि सबै वडा कार्यालयहरुमा Software जडान गरी electronic billing system मार्फत राजश्व संकलन गर्ने व्यबस्था गरेकोमा सो कामलाई प्रभावकारी र व्यबस्थित बनाउँदै लानेछ ।

२) पाँचलाख भन्दा बढी लागतका योजना/आयोजनाको आयोजना स्थलमा विवरण सहितको होडिङ बोर्ड राख्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ ।

३) गाउँपालिकाको संस्थागत क्षमता अभिबृद्धि गर्न आवश्यक कार्य गरिनेछ ।

४) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

५) गाउँ कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुलाई संघीय सरकारको नीति अनुरुप योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने ब्यवस्था गरिनेछ ।

६) कर्मचारी कल्याणकारी कोष परिचालन कार्यविधि स्वीकृत गरी आगामी आ.व. बाट सेवाबाट विदा हुने कर्मचारीहरुलाई कार्यविधि अनुरुप सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

७) गाउँपालिकाको संगठनात्मक संरचना तथा आवश्यक पर्ने कर्मचारी दरबन्दी स्वीकृत गरी गाउँपालिकालाई चुस्त र छरितो संगठनको रुपमा विकास गरिनेछ ।

८) पारदर्शीता एवं सुशासन कायम गर्न सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

९) अस्थायी प्रकृतिका सेवाहरु जस्तै फोहोरमैला व्यवस्थापन, विद्युत, खानेपानी आपूर्ती, सुरक्षा, सरसफाई, सवारी चालक, भान्से जस्ता सेवाहरु सेवा करारमा लिइनेछ ।

१०) यस गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गाउँभित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु गाउँपालिकाको कार्यपालिका बैठकबाट निर्णय गरी कार्यान्वयन गर्ने र आगामी गाउँ सभाबाट अनुमोदन गरिनेछ ।

११) गाउँपालिका अन्तर्गत रहेका सबै वडा कार्यालयहरुमा प्राविधिक कर्मचारीको व्यवस्था गरी योजना कार्यान्वयनमा सहजता ल्याइनेछ ।

१२) सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई आगामी आ.व. देखि बैकीङ प्रणाली मार्फत कार्यान्वयन गरिनेछ ।

१३) गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका स्वास्थ्यकर्मीहरु पदपुर्ति गरि स्वास्थ्य सेवालाई सर्वसुलभ बनाइनेछ ।

## सूचना सञ्चार तथा प्रविधि विकासः

१. बलेफी गाउँपालिका अन्तर्गतका ८ वटै वडा कार्यालयहरु, गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरु र सम्पूर्ण सामुदायिक विद्यालयहरुमा उच्च गतिको ईन्टरनेट सेवा जडान गरिनेछ ।

२. सञ्चार क्षेत्रको विकासको लागि नेपाल पत्रकार महासंघ लगायत निजीक्षेत्रसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. सार्वजनिक सुनुवाई र आम सञ्चारको माध्यमबाट गाउँपालिकाबासीलाई गाउँपालिकाले गरेको गतिविधीहरुको बारेमा जानकारी गराईने नीति लिईनेछ ।

सभाका सदस्य ज्यूहरु,
अब म आगामी आ.व. ०७८/०७९ को अनुमानित आय व्यय अनुमान प्रस्तुत गर्दछु ।

## आर्थिक वर्ष २०७८/०७९ को अनुमानित आय व्ययको विवरण

| क्रसं. | आय अनुमान | | क्र.सं. | व्यय अनुमान | |
|---|---|---|---|---|---|
| १ | अनुमानित आन्तरिक आय | ६०००००००।०० | १ | चालु खर्च | ७५९१००००।०० |
| २ | वित्तिय समानिकरण अनुदान संघ | १२४९००००००।०० | २ | पुँजीगत खर्च/विकास तर्फ | ९१६५००००।०० |
| ३ | वित्तिय समानिकरण अनुदान प्रदेश | १०७१७०००।०० | ३ | समपुरक योजना तर्फ | ४९९६७०००।०० |
| ४ | राजश्व बाँडफाँड संघ | ५९७१००००।०० | | | |
| ५ | सवारी साधन करको बाँडफाँट प्रदेश | १६२००००००।०० | | | |
| | जम्मा बजेट निशर्त | २१७५२७०००।०० | | जम्मा | २१७५२७०००।०० |
| सशर्त अनुदान तर्फ | | | सशर्त अनुदान तर्फ | | |
| १ | सशर्त अनुदान संघ | १७३८००००००।०० | १ | संघिय सशर्त कार्यक्रम | १७३८००००००।०० |
| २ | सशर्त अनुदान प्रदेश | २१३६३०००।०० | २ | बागमती प्रदेश सशर्त कार्यक्रम | २१३६३०००।०० |
| | जम्मा | १९५१६३०००।०० | | जम्मा | १९५१६३०००।०० |
| विशेष अनुदान तर्फ | | | विशेष अनुदान तर्फ | | |
| १ | विशेष अनुदान संघ | ५००००००० | १ | विशेष अनुदान संघ | ५००००००।०० |
| २ | विशेष अनुदान बागमती प्रदेश | ५९००००० | २ | विशेष अनुदान प्रदेश | ५९०००००।०० |
| | जम्मा | १०९०००००।०० | | जम्मा | १०९०००००।०० |
| समपुरक अनुदान तर्फ | | | समपुरक अनुदान तर्फ | | |
| १ | संघिय समपुरक अनुदान | १६६००००० | १ | समपुरक अनुदान संघ | १६६०००००।०० |
| २ | बागमती प्रदेश समपुरक अनुदान | २९९६७००० | २ | समपुरक अनुदान प्रदेश | २९९६७०००।०० |
| | जम्मा | ४६५६७०००।०० | | जम्मा | ४६५६७०००।०० |
| | **कुल जम्मा** | **४७०१५७०००।००** | | **कुल जम्मा** | **४७०१५७०००।००** |

र अन्तमा यो जोखिमपूर्ण र असहज परिस्थितिमा सम्बृद्ध गाउँपालिका निर्माणको लागि ऐक्यबद्धता जनाउन उपस्थित सम्पूर्ण सभा सदस्य ज्यूहरु, कर्मचारी साथीहरु, पत्रकार ज्यूहरु, सुरक्षाकर्मी साथीहरुमा हार्दिक धन्यबाद दिँदै सभामा प्रस्तुत प्रस्तावहरु सर्वसम्मत पारीतको लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद ।

कमला श्रेष्ठ कायस्थ
उपाध्यक्ष